# मायादेवीगाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## पकडी,कपिलवस्तु
## (लुम्बिनी प्रदेश,नेपाल)

वेवसाईट :www.mayadevimunkapilvastu.gov.np
ईमेल : mayadevirm@gmail.com

सूचना !    सूचना !

**विषय : स्वयंमसेवक शिक्षकको पदपूर्ति सम्बन्धी सूचना ।**

तेस्रो पटक प्रकाशित मिति: २०७९/०६/०४

यस मायादेवी गाउँपालिका कपिलवस्तुको स्वयंसेवक शिक्षकको पदपूर्तिको लागि खुल्ला प्रतियोगितात्मक परीक्षाको विज्ञापन समुदायिक बिद्यालयहरुको शून्य दरवन्दी तथा उच्च विद्यार्थी शिक्षक अनुपातलाई पदपूर्ति गर्न खुल्ला प्रतियोगितात्मक लिखित तथा अन्तर्वार्ता परीक्षाको माध्यमबाट पदपूर्ति गर्नका लागि मिति २०७९/०५/१२ गते प्रकाशित सूचना अनुसार तपशिल बमोजिमका पदहरुका लागि दरखास्त फारम दर्ता हुन नआएको हुनाले स्वयंमसेवक शिक्षक छनौट समिति को मिति २०७९/०६/०४ गते को निर्णय अनुसार उक्त पदहरुका लागि पुनः विज्ञापन गर्ने भनी निर्णय भएको हुँदा योग्य उम्मेदवारहरुले यस गाउँपालिकाबाट निर्धारण गरिएको दरखास्त फारम भरी पुनः विज्ञापन गरिएको मितिले ३ (तीन) दिन भित्र दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| बिज्ञापन नं. | तह | बिषय | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|
| ०७/०७९/८० | निम्न माध्यमिक | गणित/विज्ञान | ३ | |
| ०८/०७९/८० | निम्न माध्यमिक | कम्प्युटर | २ | |
| १६/०७९/८० | उच्च माध्यमिक | अंग्रेजी | २ | |

**आवश्यक न्यूनतम योग्यता :**

➢ **विज्ञापन नं. :-** ०७/०७९/८० र ०८/०७९/८०

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र (१०+२) तह वा सो सरह परीक्षा उतीर्ण गरेको ।
(ख) विज्ञान-गणित विषयको हकमा विज्ञान र गणित दुवै विषयहरु लिई प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको ।
(ग) शिक्षा विषयमा कम्तीमा १० महीने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उतीर्ण गरेको ।

**विज्ञापन नं. :-** १६/०७९/८०

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उतीर्ण गरेको ।
(ख) शिक्षा विषयमा दश महिने तालिम लिएको वा शिक्षा विषय लिई स्नातकोत्तर तह वा सो सरह परीक्षा उतीर्ण गरेको ।

संलग्न...

CamScanner

# मायादेवीगाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## पकडी,कपिलवस्तु
## (लुम्बिनी प्रदेश,नेपाल)

वेबसाईट : www.mayadevimunkapilvastu.gov.np
ईमेल : mayadevirm@gmail.com


अन्य आवश्यक कागजातहरु :

- स्थायी अध्यापन अनुमति पत्र भएको उम्मेदवारहरुलाई विशेष प्रथमता दिइनेछ ।
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि ।
- बैदेशिक शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि ।
- स्थानीयबासी भएमा वडाबाट स्थानीयबासी प्रमाणित गरेको प्रमाणपत्र ।

उमेर :- आवेदन दिने अन्तिम मिति २०७९/०६/०६ गते सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । यस अधि यस मायादेवी गाउँपालिका कपिलवस्तु भित्र २०७९ असार मसान्त सम्म स्वयं सेवक शिक्षकको रुपमा कार्यरत रहेको हकमा उमेरको हद लाग्ने छैन ।

परीक्षाको किसिम :- लिखित र अन्तर्वार्ता शिक्षक सेवा आयोगको नयाँ पाठ्यक्रम अनुसार ।

आवेदन दस्तुर :- निम्न माध्यमिक तह रु.७०० र उच्च माध्यमिक तह रु. १२०० मात्र /- लाग्नेछ ।

सेवा सुबिधा :- कार्यालयको निर्णय अनुसारको रकम निर्वाह खर्च बापत उपलब्ध गराईनेछ ।

सम्पर्क मिति :- २०७९/०६/०७

लिखित परीक्षाको मिति समय र स्थान सम्पर्क मितिको दिन तोकिनेछ ।

पुनश्च थप जानकारीको लागि सम्पर्क नम्बर :- ९८१९४६७३४०, ९८४७२८८२३० र ९८५७०५२३५२

संयोजक
स्वयंसेवक शिक्षक छनौट समिति